पाँचखालनगरपालिकाको

आर्थिक ऐन, २०७६



पाँचखाल, काभ्रेपलाञ्चोक
३ नं.प्रदेश, नेपाल

पाँचौ नगर सभाबाट स्वीकृत मिति : २०७६।०३।३०

Mahesh Khanal
महेश खनाल
नगर प्रमुख

आर्थिक ऐन, २०७६

प्रस्तावना : पाँचखालनगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तेस्रो नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन२०७६ सालश्रावण १ गतेदेखि पाँचखाल नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः**(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरीसम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

३. **भूमि कर (मालपोत) :**भूमि कर (मालपोत) नगरपालिकाले तोकेबमोजिम हुनेछ तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन ।

४. **घर जग्गा बहाल करः**(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची (२) मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

५. **व्यवसाय करः** (१)नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ ।इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (३) मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** (१)नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृतवा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापतअनसूची (५) बमोजिमजडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ ।

*स्पष्टीकरण:*यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको ब्यवसायिक कारोवार गर्ने ब्यक्ती वा संस्थालाई नगरपालिकाले ब्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

७. **सवारी साधन कर:**(१) नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशलेसवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा तथा विद्युतीयरिक्सामा नगरपालिकाले सवारी साधन करलगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (६) बमोजिम हुनेछ ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

(४) पाँचखनल नगर क्षेत्र भित्र सञ्चालन गर्ने माइक्रो बस सञ्चालन शुल्क अनुसूची (६) अनुसार हुने छ ।

महेश खरेल
नगर प्रमख

(५) नगरपालिकाले खाफ्नो क्षेत्र भित्र निर्माण गरेका सडकहरुको मर्मतका लागि उक्त सडकमा चल्ने सवारी साधनहरुमा अनुसूची (६)(क) बमोजिम मर्मत सम्भार शुल्क उठाउन सक्नेछ ।

८. **विज्ञापन कर:**(१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

९. **मनोरञ्जन कर:**(१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल,सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोरञ्जन प्रदर्शनस्थल,जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिमनगरपालिकाले अनुसूची (८) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ ।

(२)उपदफा (१) बमोजिम नगरपालिकालेउठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (९) बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकालेन्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमबाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनकालागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमातोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमबाट बहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
महेश खरल
नगर प्रमुख

११. **पार्किङ्ग शुल्क:**(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमाअनुसूची (१०) मा उल्लेख भएबमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

१२. **सेवा शुल्क, दस्तुर:**(१)नगरपालिकाले आफ्नो क्षेत्रभित्रसञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर,च्याफ्टिङ्ग,प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,
(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,
(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,
(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,
(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,
(च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,
(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल,स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइनेर उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (११) मा उल्लेख भएबमोजिम हुनेछ ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
प्रदेश नं. ३, नेपाल

महेश धरेल
नगर प्रमुख

१३. **विक्री तथा निकासी शुल्क:**(१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रउत्पादन भै आफ्नो सिमाक्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीज जन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (१३) मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकालेआफ्नो प्रयोगमा नआउने पुराना र कामनलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाकोलागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट गरिने छ ।

१४.**घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिमउठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

१५. **दण्ड जरिवाना** :(१)नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकालेउपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

१६. **कर छुट** :(१)संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

*स्पष्टीकरण:*लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

पाँचखाल नगरपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
३ नम्बर प्रदेश, नेपाल

महेश घरेल
नगर प्रमुख

(२) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(३) कानूनमा ब्यवस्था भएको अवस्थामा वाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक क्रियाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१७. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन** :(१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनकोलागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३)उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

१८.**ठेक्का आह्वान गर्न सक्ने** :(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक ३ नम्बर प्रदेश, नेपाल

नगर प्रमुख

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

१९. **सहयोग गर्नुपर्ने** :संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२०. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** :नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२१. **कार्यविधि बनाउन सक्ने** :(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धित कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२२. **प्रचलित कानुन बमोजिम हुने** :यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

महेश थरु
नगर प्रमुख

अनुसूची १

(ऐनको दफा २ को उपदफा(२) संग सम्बन्धित)

सम्पत्ति करको दर

क्र.सं.	मूल्याकिंत सम्पत्ति विवरण	निर्धारित सम्पत्तिकर	कैफियत
१.	रु. २० लाख सम्म	रु. २०।– प्रति लाख	
२.	रु. ४० लाख सम्म	रु. २५।– प्रति लाख	
३.	रु. १ करोड सम्म	रु. ३०।– प्रति लाख	
४.	रु. ५ करोड सम्म	रु. ३५।– प्रति लाख	
५.	रु. ५ करोड १ देखि माथि जति भए पनि प्रति हजार ७० पैसा थप सम्पत्तिकर लाग्नेछ ।		

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

अनुसूची २

(ऐनको दफा ४ को उपदफा(२) संग सम्बन्धित)

घर जग्गा बहाल करको दर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा १० प्रतिशतका दरले बहाल कर लिइने छ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रपलाञ्चोक
३ नम्बर प्रदेश, नेपाल

महिश धरेल
नगर प्रमुख

अनुसूची ३

(ऐनको दफा ५ को उपदफा(३) संग सम्बन्धित)

ब्यबसायइजाजत(दर्ता नबिकरण) दस्तुरको दर

क्र. सं	व्यबसायको किसिम	दस्तुर रकम रु	कैफियत
	नक्सा डिजाइन		
१	इजाजत पत्र	५०००	
२	इजाजत पत्र नविकरण	३५००	
३	नविकरण थप (३ महिना नाघेमा)	३५००	
४	प्रतिलिपी	१५००	

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक ३ नम्बर प्रदेश, नेपाल

महेश जरेल
नगर प्रमुख

अनुसूची ४

(ऐनको दफा ५ को उपदफा(५) संग सम्बन्धित)

ब्यबसायकरको दर

क्र.स	व्यवसायको किसिम	दस्तुर रकम रु	कैफियत
१	**किराना पसल**		
	सानो नाङ्ले पसल	५००।००	
	चाउचाउ, विस्कुट मात्र भएको सानो पसल	१५००।००	
	दाल, चामल, चिउरा, अन्य (चुरोत, रक्सि बाहेक)	३,०००।००	
	दाल, चामल, चिउरा, अन्य भएको थोक समेत (चुरोत, रक्सि बाहेक)	५,०००।००	
	चुरोट रक्सी समेतको खुद्रा पसलहरु	५,०००।००	
	चुरोट रक्सी समेतको थोक पसलहरु	७,०००।००	
२	**फलफूल / तरकारी पसल**		
	जुस तथा फलफूल पसल	१५००।००	
	तरकारी पसल	१५००।००	
३	**सुनचांदी गरगहना पसल**		
	ज्यासल टाइपको टुकटुके ज्यालामा काम गर्ने पसल	२,०००।००	
	चाँदीको मात्र काम गर्ने	२,०००।००	
	सुनको मात्र काम गर्ने	३,०००।००	
	नक्कली गहना (सुनको जलप) पसल	३,०००।००	
	सुन चाँदी दुबैको काम गर्ने /ज्वेलरी पसल	६,०००।००	
४	**भिडियो क्यासेट पसल (रेकर्डर तथ प्लेयर)/साउण्ड सिष्टम**		
	रु १,००,०००।०० सम्म पूजी भएको	१,५००।००	
	रु २,००,०००।०० सम्म पूजी भएको	२,५००।००	
	रु २,००,०००।०० भन्दा माथि पूजी भएको	४,०००।००	

महेश खरल
नगर प्रमुख

५	**कम्प्यूटर, विद्युत सामान, क्यामेरा, टेलिभिजन मर्मत, आदिमा**		
	कम्प्यूटर, टेलिभिजन, मोवाइल तथा अन्य मर्मत तथा विक्रि संयुक्त पसल	१०,०००।००	
	कम्प्यूटर मर्मत तथा विक्रि पसल	५,०००।००	
	टेलिभिजन मर्मत तथा विक्रि	५,०००।००	
	मोवाइल मर्मत तथा विक्रि	४,०००।००	
	मोवाइल पार्ट विक्रि	३,०००।००	
	भिडियो क्यामेरा व्यवसाय	३,०००।००	
	फोटोग्राफ कलरल्याब सहित	४,०००।००	
	फोटोग्राफ/फोटो स्टुडियो	२,०००।००	
	फोटोकपी पसल	१,०००।००	
६	**पेट्रोलियम पदार्थ**		
	पेट्रोल पम्प	२०,०००।००	
	पेट्रोलियम पदार्थ (पेट्रोल मात्र)	१०,०००।००	
	पेट्रोलियम पदार्थ (डिजेल मात्र)	१०,०००।००	
	मट्टितेल मात्र	३,०००।००	
	खाना पकाउने र टेम्पोमा प्रयोग हुने ग्यासको डिपो	३,०००।००	
७	**निर्माण सामाग्री विक्रेता**		
	हार्डवेयर सामाग्री मात्र	७,०००।००	
	निर्माण सामाग्री विक्रेता रड सिमेन्ट समेत	२०,०००।००	
	निर्माण सामाग्री विक्रेता (हार्डवेयर समेत)	३०,०००।००	
	इलेक्टोनिक पसल	५,०००।००	
	ढुंगा, गिट्टी, बालुवा सप्लायर्स	५,०००।००	
	रङ्ग पसल	४,०००।००	
८	**फर्निचर उद्योग**		
	स-मिल नभएको सानो	१,०००।००	

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक
नगर प्रमुख

	स-मिल	४,०००।००	
	स-मिल ट्रली सहितको	६,०००।००	
	स्टील, काठ र फर्निचर विक्रेता	८,०००।००	
	कार्पेट पसल तथा पर्दा	३०००।००	
९	**कपडा तथा रेडिमेड समेत (खुद्रा र थोक दुवै)**		
	कपडा पसल खद्रा	३,०००।००	
	कपडा पसल खुद्रा तथा थोक दुवै	५,०००।००	
	फेन्सी पसल खुद्रा	३,०००।००	
	फेन्सी पसल खुद्रा तथा थोक दुवै	५,०००।००	
	तन्ना, पर्दा तथा सिरकको खोल जन्य कारोवार	३,०००।००	
	सिरक, डसना बनाउने पसल	२,०००।००	
	व्याग पसल	२,०००।००	
	कपडा, व्याग, जुत्ता, चप्पल भएको संयुक्त	६,०००।००	
	होजीयारी व्यवसाय (उनका कपडा बुन्ने तथा विक्रि)	१,५००।००	
१०	**जुत्ता तथा चप्पल पसल**		
	जुत्ता तथा चप्पल पसल	३,०००।००	
	जुत्ता तथा चप्पल पसल खुद्रा तथा थोक	५,०००।००	
	जुत्ता तथा चप्पल सिलाउने पसल	१,०००।००	
११	**पार्लर/ कस्मेटीक**		
	चुरा पसल मात्र	१,०००।००	
	कस्मेटीक पसल मात्र	१,५००।००	
	कस्मेटीक सहित व्युटी पार्लर, केश श्रृंगार आदि / तालिम समेत	२,०००।००	
	मसाज पार्लर	३,०००।००	
	व्यायाम शाला	५०००।००	
	सैलुङ लेडिज एण्ड जेन्स	२,०००।००	

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक

१२	**खेलौना सजावट तथा गुडीया पसल**	२,०००।००	
१३	**सिलाइ कटाई तथा तालिम**		
	सिलाई कटाई तथा तालिम	१,५००।००	
	सिलाई कटाई तथा तालिम सटिङ सुटिङ सेन्टर	५,०००।००	
१४	**सवारी साधान तर्फ**		
१४.१	**सवारी साधान विक्रेता**		
	रिकण्डिसन मोटरसाइकल विक्रेता	२५००।००	
	ट्रयाक्टर सवै खाले	३,०००।००	
	मोटर साईकल	४,०००।००	
	जिप, कार वस र ट्रक	५,०००।००	
१४.२	**पार्टस् विक्रेटा तर्फ**		
	ट्रयाक्टर पार्ट सामान विकेता	२,०००।००	
	मोटरसाइकल पार्ट सामान विक्रेता	३,०००।००	
	मोटर पार्ट सामान विकेता	१०,०००।००	
१४.३	**गाडी वडी विल्डर उद्योग**	१५,०००।००	
१४.४	वेल्डिङ वर्कसप	१२,०००।००	
१४.५	ईन्जिनियरिङ वर्कसप	१२,०००।००	
१५	**पशु स्वास्थ्य/भेटेरेनरी/एग्रोभेट**		
	ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता	५००।००	
	कृषी/पशु/जेटी/जेटीय	१,०००।००	
	पशु चिकित्सक	१,५००।००	
	भेटेरेनरी पसल	४०००।००	
	पशु/भेटेरेनरी औषधी उत्पादन उद्योग	१५,०००।००	
१६	**निर्माण व्यवसाय (न. पा. क्षेत्रभित्र ठेगाना)**		
	क वर्ग	६,०००।००	

	ख वर्ग	५,०००।००	
	ग वर्ग	४,०००।००	
१७	**उत्पादनमूलक उद्योग**		
	५ HP सम्म क्षमता भएको	२,०००।००	
	७HP सम्म क्षमता भएको	२,५००।००	
	१० HP सम्म क्षमता भएको	३,०००।००	
	१५ HP सम्म क्षमता भएको	५,०००।००	
	१५ HP भन्दा माथि क्षमता भएको	७,५००।००	
१८	**उर्जामूलक उद्योग**		
	गोवरग्याँस उद्योग	१,५००।००	
	सोलार	१,५००।००	
	अन्य उर्जामूलक उद्योग	१,५००।००	
१९	**कुखुरा पालन उद्योग**		
	१००० सम्म चल्ला राख्ने	२,०००।००	
	१००० देखि ३००० सम्म चल्ला राख्ने	३,०००।००	
	३००० देखि ५००० सम्म चल्ला राख्ने	५,०००।००	
	५००० भन्दा माथि चल्ला राख्ने	१०,०००।००	
	ह्याचरी समेत भएको पोल्ट्री फर्म र वातावरण संरक्षण शुल्क	२,५०,०००।००	
	टर्की पालन व्यवसाय	३,०००।००	
२०	**पशुपालन फर्म**		
	मौरी पालन फर्म	२,०००।००	
	बाखा पालन फर्म	३,०००।००	
	बंगुर पालन फर्म	५,०००।००	
	गाई तथा भैंसी पालन फर्म	५,०००।००	
२१	**कृषी फर्म, नर्सरी, संयुक्त**		

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक

	कृषी फर्म (टनेल खेतीको लागी मात्र)	१,०००।००	
	फूल र विरुवा विक्रेता	१,०००।००	
	कृषि नर्सरी	१५००।००	
	सबै किसिमको नर्सरी	५,०००।००	
	कृषी, पशुपालन, मत्स्य पालन, वन आदी संयुक्त	५,०००।००	
२२	**राइस मिल**		
	कुटानी, पिसानी र पेलानी मिल	२,०००।००	
	प्रति थप एक मेशिनमा	१,०००।००	
२३	**होटल व्यवसाय**		
२३.१	**अरनिको राजमार्गको आसपासमा रहेको**		
	"क" वर्गको होटेल र रिसोर्टको लागि	६०,०००।००	
	"ख" वर्गको होटेल र रिसोर्टको लागि	४०,०००।००	
	"ग" वर्गको होटेल र रिसोर्टको लागि	१५,०००।००	
२३.२	**अरनिको राजमार्गको आसपास वाहिर रहेको**		
	"क" वर्गको होटेल र रिसोर्टको लागि	२०,०००।००	
	"ख" वर्गको होटेल र रिसोर्टको लागि	१०,०००।००	
	"ग" वर्गको होटेल र रिसोर्टको लागि	५,०००।००	
२३.३	**साना पर्यटन व्यवसाय**		
	रेष्टुराँ एण्ड बार	५,०००।००	
	फास्टफुड, भान्छा घर	३,०००।००	
	लज मात्र भएको	३,०००।००	
	भोजनालय र लज	४,०००।००	
	खाजा घर	३,०००।००	
	मिठाई पसल	२,०००।००	
	चिया चमेना पसल	१,५००।००	

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
३ नम्बर प्रदेश, नेपाल

	क्याफे	२,०००।००	
	अरनिको आसपासका साना लस्सी सेन्टर/पसल/होटल खाजा घर	२०००।००	
	रेष्टुरेन्ट सहितको तालिम केन्द्र	५०००।००	
	होम स्टे	१५००।००	
२४	**सेवा उद्योग**		
	छापाखाना	२०००।००	
	चलचित्र व्यवसाय	१०,०००।००	
	सार्वजनिक परिवहन व्यवसाय	१,०००।००	
	निजी प्रयोगशाला	१०००।००	
	शित भण्डार	२०,०००।००	
२५	**दुग्धजन्य संकलक/बिक्रेता**		
	दुध संकलन केन्द्र (घाँसीबाट दुध संकलन)	१,५००।००	
	डेरी उद्योग	१०,०००।००	
	दुध संकलन तथा प्याकेजिङ्ग	२०,०००।००	
२६	**ईन्जिनियरिङ/ग्रिल वर्कशप**		
	ग्रिम / सटर वर्कशप	७,०००।००	
	आल्मुनियम मात्र वर्कशप	७,०००।००	
	आल्मुनियम र ग्रिल सँगै भएमा	१५,०००।००	
	आल्मुनियम र ग्रिल सँगै भएमा साथै लेथ समेत	२०,०००।००	
२७	**स्टेशनरी पशल**		
	स्टेशनरी पसल	२,०००।००	
	स्टेशनरी पसल थोक समेत	३,०००।००	
२८	**भाषा प्रहिक्षण, ट्यूशन तथा कम्प्यूटर इन्स्टिच्यूट**		
	भाषा प्रशिक्षण	४,०००।००	
	कम्प्यूटर इन्स्टिच्यूट	४,०००।००	

महेश धरन
नगर प्रमुख

	ट्यूशन कक्षा सञ्चालन	२०००।००	
२५	**पूर्वाधार विकास**		
	सडक, पूल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, फ्लाइङ वृजनिर्माण गरि सञ्चालन गर्ने उद्योग व्यवसाय	२५,०००।००	
	जिपफ्लायर	२५,०००।००	
	औद्योगिक, व्यापारिक एव आवास कम्प्लेक्स निर्माण गरि सञ्चालन गर्ने उद्योग व्यवसाय	१०,०००।००	
३०	**इट्टा उद्योग**		
	निजी घर निर्माणको लागी एक पटकमा ४०,००० सम्म इट्टा पाक्ने सानो चिम्नी	५,०००।००	
	सबै किसिमका ईट उत्पादन गर्ने उद्योगहरु प्रदुषण नियन्त्रण शुल्क समेत	१०,००,०००।००	
३१	**प्लाइ कारखाना**		
	प्लाइ कारखाना (वाताबरण शुल्क र व्यवसाय) मल्टी परपस	१०,००,०००।००	
३२	**सूचना प्रविधि**		
	निजी क्षेत्रका हुलाक सेवा	१,०००।००	
	टेलिफोन, फ्याक्स, ईमेल, ईन्टरनेट, साइवर	२,०००।००	
	एस. टि. डि र आई. एस डि.	१,०००।००	
	कुरियर सेवा	१,०००।००	
	छपाई तथा प्रकाशन (पत्र पत्रिका)	२,०००।००	
	अन्य सञ्चारका नयाँ माध्यमहरु	५००।००	
	केवुल, नेटवर्किङ्ग	१०,०००।००	
३३	**वित्तिय सेवा**		
	नेपाल सरकारका पूर्ण स्वमित्वमा रहेका वाहेकका आर्थिक कारोवार गर्ने वाँणिज्य वैकहरु ("क" वर्गको बैंकहरु)	२५,०००।००	
	"ख" वर्गको विकास बैंकहरु	२०,०००।००	
	आर्थिक कारोवार समेत गर्ने लघु वित्त/ वित्तीय कम्पनीका मुख्य कार्यालय	२०,०००।००	
	लघु वित्त/ वित्तीय कम्पनीका शाखा कार्यालय	१०,०००।००	
	वीमा कम्पनी	१०,०००।००	
	सहकारी वैंक	५,०००।००	

पाँचखाल नगरपालिका कार्यालय
नगर कार्यपालिकाका कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक, नेपाल

महेश धरेल
नगर प्रमुख

३३.१	**वचत तथा ऋण र वहुउदेशिय सहकारी संस्था**		
	रु.२०,००,०००। सम्म कुल पूजी भएका	२,०००।००	
	रु.५०,००,०००। सम्म कुल पूजी भएका	३,०००।००	
	रु. १,००,००,०००। सम्म कुल पूजी भएका	५,०००।००	
	रु.५,००,००,०००। सम्म कुल पूजी भएका	८,०००।००	
	रु. ५,००,००,०००। भन्दा माथी कुल पूजी भएको	१५,०००।००	
३३.२	**कृषी सहकारी**		
	रु.२०,००,०००। सम्म कुल पूजी भएका	१,०००।००	
	रु.५०,००,०००। सम्म कुल पूजी भएका	२,०००।००	
	रु. १,००,००,०००। सम्म कुल पूजी भएका	४,०००।००	
	रु.५,००,००,०००। सम्म कुल पूजी भएका	७,०००।००	
	रु. ५,००,००,०००। भन्दा माथी कुल पूजी भएको	१३,०००।००	
३४	**स्वास्थ्य सेवा**		
	गैरसरकारी अस्पताल/पोलिक्लिनिक	१५,०००।००	
	नर्सिङ्ग होम	२५,०००।००	
	क्लिनिक	१५,०००।००	
	ल्याव	१५,०००।००	
	फार्मेसी/मेडिकल	१५,०००।००	
	कविराज/आयुर्वेदिक	१,०००।००	
	दन्त चिकित्सक/डेन्टल क्लिनिक	२,०००।००	
	स्वीकृत चिकित्सक	२,०००।००	
	चस्मा पसल	२०००।००	
३५	**शिक्षा सेवा**		
३५.१	**नीजि क्षेत्रका शैक्षिक संस्था**		
	मन्टेश्वरी वा शिशुस्याहार केन्द्र	३,०००।००	

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक
महेश [illegible]
नगर प्रमुख

	आधारभूत शिक्षा सम्म	५,०००।००	
	माध्यमिक तहसम्म	१०,०००।००	
	नीजि क्षेत्रका क्याम्पस र विश्वविद्यालय	१५,०००।००	
	तालिम तथा अनुसन्धान केन्द्र	२,०००।००	
	टाईपिङ्ग, कम्प्यूटर तथा भाषा शिक्षण	५,०००।००	
३६	**राष्ट्रिय गैसस**		
	राष्ट्रिय स्तरीय	५,०००।००	
	जिल्ला स्तरीय	३,०००।००	
	नगर स्तरीय	२,०००।००	
३७	**मर्मत सम्भार सेवा**		
	हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मर्मत वर्कसप	७,०००।००	
	मोटरसाईकल र साईकल मर्मत वर्कसप	४,०००।००	
	टिभि, हिटर, टेलिफोन सेट, मोबाइल आदि मर्मत	३,०००।००	
	टायर रिसोलिङ सेन्टर	५,०००।००	
	टायर मर्मत सेन्टर	२,०००।००	
	घडी, रेडियो मर्मत तथा विक्री	१,५००।००	
३८	**अन्य सेवा**		
	विज्ञापन सेवा	२,०००।००	
	वैदेशिक रोजगार सेवा	२,०००।००	
	स्वदेशी रोजगार सेवा	२,०००।००	
	सेक्रेटरियल सेवा	२,०००।००	
	हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरीद बिक्री (रियल स्टेट)	२५,०००।००	
	समितिले सिफारिस गरेको जग्गाको कित्ताकाट अनुसार जग्गा खरिद विक्री	१०,०००।००	
	साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा	१,५००।००	
	ड्राई क्लिनर्स	२,०००।००	

३९	**मासु पसल तथा बधशाला**		
	माछा पसल	२,०००।००	
	कुखुराको मात्र/राँगाको मात्रमासु पसल	३,०००।००	
	कुखुरा, खसी, राँगा, बंगुर आदिको संयुक्त मासु पसल	५,०००।००	
	पशु वधशाला	५,०००।००	
	अण्डा पसल	१५००।००	
४०	**सिसा प्लाईउड विक्रेता**		
	रु १ लाखसम्म पूजी लगानी भएको	१,०००।००	
	रु १ लाख भन्दा माथि पूजी लगानी भएको	१,५००।००	
४१	**भाँडाकुँडा विक्रेता**		
	रु ५ लाखसम्म पूजी लगानी भएको	५,०००।००	
	रु ५ लाख भन्दा माथि पूजी लगानी भएको	१०,०००।००	
४२	**कृषि मल, विउ विजन**		
	कृषि मल पसल	३,०००।००	
	कृषि विउ विजन पसल किटनासक औषधी समेत	५,०००।००	
	रासायनिक मल विक्री प्रमाण पत्र नविकरण	२००।००	
	जरिवाना (१ वर्षसम्म)	५००।००	
	जरिवाना (१ वर्ष माथि)	१,०००।००	
	कृषस समूह दर्ता	नि:शुल्क	
	कृषस समूह नविकरण (प्रत्येक २ वर्षमा)	२००।००	
	जरिवाना (नविकरण गर्ने समय नाघेमा)	१००।००	
४३	**अस्थायी हाटवजार वा घुम्ति पसल**		
	घुम्ती (मोवाईल) पसल, थुन्चा समेत	१५।००	
	चौपाया		
	गाई, भैसी, गोरु, गाई	५०।००	

	भेडा, बाखा, वंगुर	१०।००	
	हाँस कुखुरा आदि	५।००	
	साग सब्जी र फलफूल पसल	३।००	
४४	**अन्य व्यवसाय कर**		
	पार्क पिकनिक स्पट	१,०००।००	
	क्यासिनो	५०,०००।००	
	टुर अपरेटर	३,०००।००	
	ड्राइभिङ प्रशिक्षण केन्द्र	४,०००।००	
	पुल हाउस, स्नूकर	२,०००।००	
	खोटो व्यवसायी	३,०००।००	
	मन्दिर परिसरमा फुलपाती र अन्य सामान विक्री	१,०००।००	
	कवाडी संकलन केन्द्र	५,०००।००	
	पाटि प्यालेस	१५,०००।००	
	वेकरी उद्योग	७,०००।००	
	प्रति पशल थप (एउटैमा थप व्यवसाय गरेमा)	१,५००।००	
	दाना उद्योग / विकेता	५,०००।००	
	तामा पित्तलको मुर्तिपसल	२,५००।००	
	मेकानिकल सामाग्री एवं पाटपूर्जा समेत (पानी तान्ने मोटर मर्मत)	१५००।००	
	खनिज तथा खानी जन्य उद्योग	१०,०००।००	
४५	**सेवा व्यवसाय**		
	ईन्जिनियर काउन्सिलमा दर्ता भएको ईन्जिनियर	२,०००।००	
	कानुन व्यवसायी	२,०००।००	
	लेखा परीक्षक	२,०००।००	
	अनुसन्धानकर्ता र परामर्शदाता	२,०००।००	
	ओभरसियर	१,०००।००	

	वीमा एजेन्ट	१,५००।००	
	सर्भेयर	१,५००।००	
	अनुवादक	१,०००।००	
	शेयर दलाल	१,५००।००	
	सामान ढुवानीकर्ता तथा कम्पनी	२,५००।००	
	संस्थागत पेन्टर	५,०००।००	
	भवन घर निर्माण गर्ने व्यक्ति (ठेकेदार)	२,५००।००	
	परामर्श दाता वा निर्माण व्यवसायी सुचीकृत दस्तुर	१,०००।००	
४६	**माथि उल्लेख भएका भन्दा बाहेकको व्यवसायहरु (कुल पूजी लगानीको आधारमा)**		
	रु ५०,०००।०० सम्म पूजी भएको	१,५००।००	
	रु १,००,०००।०० सम्म पूजी भएको	३,०००।००	
	रु २,५०,०००।०० सम्म पूजी भएको	५,०००।००	
	रु ५,००,०००।०० सम्म पूजी भएको	७,०००।००	
	रु ५,००,०००।०० भन्दा माथि पूजी भएको	१०,०००।००	

पाँचजाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचजाल, कार्यपालिकाको कार्यालय
महेश चन्द
नगर प्रमुख

अनुसूची ५

(ऐनको दफा ६ को उपदफा(१) संग सम्बन्धित)

जडिबुटी, कवाडी, जीवजन्तु करको दर

क्र. सं.	नाम	ईकाई	दर
(क)	प्राकृतिक, कृतिम, जगर	प्रति केजी	रु १/-
(ख)	खोटो	प्रति केजी	रु १ /-
(ग)	प्रचलित वन नियमावलीमा लेखीएको जडीबुटीको मुल्य, मात्रा र गुणस्तर हेरी गाउँ सभाले तोके बमोजिमको दर, तर व्यावशायिक खेतीको र स्थानीय उधोगमा अर्ध प्रशोधन हुने जडीबुटीको हकमा आधा दरमा लाग्ने छ।		
(घ)	वनकर (खर), बाबियो प्रति महलपत्ता, छ्वाली, पराल, बगास, निगाँलो, लाक्ता, पटेर, अम्लीसो, कुचो, बाँस, सिसौ, साल (चट्टा, गोलीया, चिरान) सम्वन्धित निकायको चलानीको आधारमा)	प्रति गाडी, ट्राक्टर	रु २००/-
		प्रति गोटा	रु १ /-
		प्रति ट्रक	रु ५००/-
(च)	भट्टामा प्रयोग गरिने माटो	प्रति वर्ग मिटर	रु २/-
	ईट्टा	प्रति एक हजार गोटामा	रु ५०/-
(छ)	सुर्तीको डण्डल, कतरनल नसल	प्रति केजी	रु २/-
(ज)	सालको बियाँ	प्रति केजी	रु ५/-
(झ)	सल्लाको सिम्टा	प्रति केजी	रु २/-
(ञ)	मिनरल वाटर	प्रति दर्जन	रु १०/-

(२) स्वदेशमा स्थापना भएको उद्योगहरुले जे-जस्तो अवस्थामा छ सोही रुपमा पुनः प्रयोग (रि-युज) गर्ने देहाय वमोजिमका वस्तूमा उत्पादन स्थलमा वा संकलन केन्द्रमा देहाय करउठाईनेछ :

क्र. सं.	नाम	ईकाई	दर
(क)	खाली सिसि र वियर वोतल	प्रति गोटा	रु १/-
(ख)	खाली सिसि मदिरा र अन्य ५०० एम एल भन्दा माथी	प्रति गोटा	रु १/-
(ग)	खाली सिसि मदिरा र अन्य ५०० एम एल भन्दा तल	प्रति गोटा	रु १/-
(घ)	प्लाष्टीकको वोतल, भाँडाँ कुँडा, पुराना जुत्ता, चप्पल, ग्यालीन, जर्किन आदी	प्रति केजी	रु १ /-

(ङ)	खाली बोरा: १) ५० केजी सम्म खाद्यान्न अट्ने प्लाष्टीक बोरा	प्रति केजी	रु २/-
	२) ५० केजी सम्म खाद्यान्न अट्ने जुटका बोरा	प्रति केजी	रु २/-
	३) १००० केजी सम्म खाद्यान्न अट्ने जुटका बोरा	प्रति केजी	रु ३/-
(च)	तेलको टीन: १) १० ली. भन्दा बढी अट्ने ठुलो	प्रति गोटा	रु ३/-
	२) १० ली भन्दा कम अट्ने सानो	प्रति गोटा	रु २ /-

(३)पुनः प्रशोधन (रिसाईकलिङ्ग)गरि पुनः प्रयोग हुनसक्ने देहाय बमोजिमको दरमाकर उठाईनेछ ।

क्र. सं.	नाम	ईकाई	दर
(क)	झिण्डु, प्राकृतीक, कृतीम, उनका टुक्रा	प्रति केजी	रु ३/-
(ख)	गार्मेण्टको कपडाको टुक्रा	प्रति केजी	रु ३/-
(ग)	जलेको मोविल	प्रति केजी	रु २/-
(घ)	जुट र प्लाष्टीकका बोरा	प्रति केजी	रु २/-
(ङ)	कार्पेटका टुक्रा	प्रति केजी	रु ३/-
(च)	टायर ट्युब	प्रति केजी	रु ३/-
(छ)	थोत्रो टिन	प्रति केजी	रु २/-
(ज)	पुरानो ड्रम	प्रति केजी	रु २/-
(झ)	पुराना कागज क, अखबार, (न्युज प्रीण्ट)	प्रति केजी	रु २/-
	ख, अन्य कागज (काटुन) समेत)	प्रति केजी	रु २/-
(ञ)	धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएका धातुका सामानहरु		
	१. फलाम	प्रति केजी	रु ३/-
	२. अन्य धातु, पीत्तल, तामा आदी	प्रति केजी	रु ७/-
	३. थोत्रीयर काम नलाग्ने मेसिनरी औजार	प्रति केजी	रु ५/-
(ट)	पोलीथीन पाइपका टुक्राहरु	प्रति केजी	रु ५ /-
(ठ)	सिसा लिडको धुलो वा टुक्रा	प्रति केजी	रु ५ /-
(ड)	काँचको धुलो र टुक्रा	प्रति केजी	रु २/-

(४) प्रचलित कानुनले निशेधित गरे बाहेकका पन्छीहरु जस्तैः हाँस, कुखुरा जस्ता पन्छीका प्वाँखमा प्रति केजी रु. ५/- लाग्नेछ ।

अनुसूची ६

(ऐनको दफा ७ को उपदफा(२) संग सम्बन्धित)

सवारी साधन करको दर

क्र.स.	सवारी साधनको किसिम	दर्ता	नविकरण/वार्षिक करको दर (रकम रु)	कैफियत
१.	माइक्रो बस	४०००.००	३०००.००	
२.	अटोरिक्सा	२५००.००	२०००.००	
३.	विद्युतीय रिक्सा	२२००.००	१२००.००	
४.	टाँगा	७००.००	३००.००	
५	रिक्सा	९००.००	५००.००	

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
३ नम्बर प्रदेश, नेपाल

महरा थापा
नगर प्रमुख

अनुसूची ६ (क)

(ऐनको दफा ७ को उपदफा(५) संग सम्बन्धित)

सवारी साधन शुल्क

सि नं	सडक र सवारी साधन विवरण	एकाई	शुल्क
क	**तिनपिप्ले – सेराबेसी**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००
	ट्रक, ट्रयाटर	पटक	५०.००
	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००
ख	**तामाघाट – बोहोरेदोभान**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००
	ट्रक, ट्रयाटर	पटक	५०.००
	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००
ग	**पलाञ्चोक – कोशिदेखा**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००
	ट्रक, ट्रयाटर	पटक	५०.००
	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००
घ	**समाजकल्याण – अनैकोट**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००
	ट्रक, ट्रयाटर	पटक	५०.००
	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००
ङ	**तामाघाट – शिखरपुर**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००
	ट्रक, ट्रयाटर	पटक	५०.००

सहरी घरेलु

	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००
च	**जलढुंगे – सर्वमंगला**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००
	ट्रक, ट्रयाटर	पटक	५०.००
	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००
छ	**अरनिको रा. – एकता बस्ती कल्छे**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००
	ट्रक, ट्रयाटर	पटक	५०.००
	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००
ज	**अरनिको रा. – कोलाको चौर**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००
	ट्रक, ट्रयाटर	पटक	५०.००
	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००
झ	**बेला – रानिपानी**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००
	ट्रक, ट्रयाटर	पटक	५०.००
	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००
ञ	**लामिडाँडा – देविस्थान**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००
	ट्रक, ट्रयाटर	पटक	५०.००
	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००
ट	**तामाघाट पुल – डाँफे खोला**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००

	ट्रक, ट्रयाटर	पटक	५०.००
	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००
ठ	**काफ्लेडी चारपिप्ले – मयलपानी**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००
	ट्रक, ट्रयाटर	पटक	५०.००
	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००
ड	**केराघारी सालथुम्का – रयाले**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००
	ट्रक, ट्रयाटर	पटक	५०.००
	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००
ढ	**खावा देविस्थान – हनमान गडी**		
	बस	पटक	५०.००
	टिपर, लहरी	पटक	२००.००
	ट्रक, ट्रयाटर	पटक	५०.००
	भ्यान, डिआई, कार, माइक्रो	पटक	२०.००
	अटोरिक्सा	पटक	५.००

अनुसूची ७

(ऐनको दफा ८ को उपदफा(१) संग सम्बन्धित)

विज्ञापन करको दर

१	विज्ञापन कर	करको दर (रु)
क	डि.पि.एस्. बोर्डमा १० ब.फि. सम्म प्रति बोर्डको वार्षिक	१५०.००
ख	डि.पि.एस्. बोर्डमा १० ब.फि. भन्दा माथि प्रति वर्ग फिट	४०.००
ग	प्रचार, प्रसार पर्चा पम्प्लेट प्रति पाना	१.००
घ	ब्यापारिक तथा ब्यवसायिक प्रयोजनका होर्डिङबोर्डहरुमा प्रति स्क्वा.फुट	४०.००
ङ	ब्यापारिक तथा ब्यवसायिक प्रयोजनका फ्लेक्स प्रति स्क्वा.फुट	१०.००
च	कपडाको तुल र फ्रेम नगरिएको फ्लेक्स ब्यानर प्रति थान प्रति पटक	१५०.००
छ	वाल पेन्टिङ गरी प्रचार प्रसारको दृष्टिकोणले घरको भित्ता वा पर्खालमा लेखिएकोमा वार्षक प्रति स्क्वा.फुट	३०.००
ज	एक दिनको प्रचार प्रसार गर्ने कार्यक्रम लाई (प्रतिदिन)	५००.००
झ	डिजिटल होर्डिङ बोर्ड	५०००.००

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
३ नम्बर प्रदेश, नेपाल

महेश धरेल
नगर प्रमुख

अनुसूची ८

(ऐनको दफा ९ को उपदफा(१) संग सम्बन्धित)

मनोरञ्जन करको दर

क्र.स	मनोरञ्जनको किसिम	वार्षिक करको दर (रकम रु)	कैफियत
१.	सिनेमा हल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल,	प्रबेश शुल्कको ५ प्रतिशत	
२.	जादू, सर्कस, चटक प्रतिदिन	२००।००	
३	सांस्कृतिक मनोरञ्जन, महोत्सव, मेला आदि	५००।००	
४	ऐतिहाँसिक, धार्मीक स्थल, पार्क, पौडी पोखरी, पोखरी (प्राकृतिक तथा मानव निर्मित), मनोरञ्जन स्थल आदिमा	प्रवेश शुल्कको १० प्रतिशत	

अनुसूची ९

(ऐनको दफा १०को उपदफा(१) संग सम्बन्धित)

बहाल बिटौरी शुल्कको दर

१. अरनिको राजमार्ग, वि.पि राजमार्ग, समाजकल्याण चोक - पाँचखाल नगरपालिका सँग जोडिएको स्थानको हकमा निम्न बमोजिम शुल्क लाग्ने छ ।

क. पक्की घर मासिक प्रति स्क्वायर फिट रु.३।५०

ख. कच्ची घर/ट्रस मासिक प्रति स्क्वायर फिट रु.५

२. जीरो किलो - फेदी सडक, लामिडाँडाँ - पलाञ्चोक - कोशिदेखा सडक सँग जोडिएको स्थानमा निम्नबमोजिम शुल्क लाग्ने छ ।

क. पक्की घर मासिक प्रति स्क्वायर फिट रु.२

ख. कच्ची घर/ट्रस मासिक प्रति स्क्वायर फिट रु.३

३. अन्य स्थानमा निम्न बमोजिम शुल्क लाग्ने छ ।

क. पक्की घर मासिक प्रति स्क्वायर फिट रु.१।५०

ख. कच्ची घर/ट्रस मासिक प्रति स्क्वायर फिट रु.२।५०

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक ३ नम्बर प्रदेश, नेपाल

महेश धरेल
नगर प्रमुख

अनुसूची १०

(ऐनको दफा ११को उपदफा(१) संग सम्बन्धित)

पार्किङ्ग शुल्कको दर

क्र.सं.	सवारीको किसिम	प्रति घण्टा (रु)	कैफियत
१.	**तोकेको पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गरिने**		
क)	बस, मिनीबस	२०	
ख)	ट्रक, ट्याक्टर	१५	
ग)	जीप, कार, भ्यान	१०	
घ)	मोटरसाईकल	५	
ङ)	साइकल	५	
च)	गाडा (गोरु वा अन्य)	५	
२.	**बस पार्कमा पार्किङ्ग गरिने**		
क)	बस, मिनीबस	२०	
ख)	ट्रक, ट्याक्टर	१५	
ग)	जीप, कार, भ्यान	१०	
३.	अन्य सवारी	२०	

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
३ नम्बर प्रदेश, नेपाल

सहिछाप
नगर प्रमुख

अनुसूची ११

(ऐनको दफा १२ को उपदफा(४) संग सम्बन्धित)

सेवा शूल्क, दस्तुरको दर

क्र.स	क्रियाकलापहरु	प्रति एकाई	तोकिएको दर रु.
	दर्ता र नविकरण दस्तुर		
	व्यक्तिगत घटना दर्ता		
१	घटना घटेको ३५ दिन सम्म		निशुल्क
२	प्रमाणपत्र दस्तुर (३६ दिन देखि १ वर्ष सम्म)	पटक	१००
३	१ वर्ष नाघेमा जरिवाना	प्रति पटक	२५
४	प्रमाणपत्रको प्रतिलिपी	पटक	१००
	नक्सा पास दस्तुर (नयाँ तथा पुरानो)		
१	सुर्खिचुना जोडाई १ तल्ला मात्र ३०० वर्ग फिट सम्म	पटक	२,०००।००
२	साविक वमोजिम भवन तथा घर मर्मत स्वीकृति (प्राविधिक प्रतिवेदनको आधारमा)		२ प्रतिशत
३	अस्थाइ टहरा आवास	प्रति वर्ग फिट	२।००
४	अस्थायी टहरा होटेल उद्योग आदि	"	५।००
५	माटो जोडाई पक्की घर	"	३।००
६	सिमेन्ट जोडाईको पक्की घर भूई तला	"	८।००
७	सिमेन्ट जोडाईको पक्की घर पहिलो तला देखि माथि	"	१२।००
८	व्यवसायिक/व्यावसायिक तथा आवासिय (सटर राखिएको) भवन	"	१५।००
९	होटेल व्यवसाय , सपिङ्ग कम्प्लेक्स, ३ तल्ला भन्दा बढीको भवन, भवनको प्लिन्थ क्षेत्रफल ३००० वर्ग फिट वा सो भन्दा माथि भएको भवनको लागि	"	२५।००
१०	निर्माण भईसकेको घरको पछि नक्सा पास गर्दा मापदण्डभित्र रहेछ भने नियमित दस्तुर	"	१५।००
११	माटोको जोडाइ सबै,२ कोठा र प्यासेज छाना जस्ताको छाना भएको भवनको	वटा	१५००।००
१२	कम्पाउण्ड वाल सिमेन्ट जोडाई	प्रति वर्ग फिट	५।००
१३	कम्पाउण्ड वाल माटो जोडाई	"	२।००
१४	न पा हुनु अगावै निर्माण भएको घरमा तल्ला थप गर्दा पहिलो निर्माण भए जति घरको हकमा प्रमाणित दस्तुर	"	५।००
१५	नक्सा नामसारी दस्तुर	"	सुरुमा नक्सा पास गर्दा लाग्ने

			दस्तुर
१६	घर निर्माण सरसफाई धरौटी	"	२,०००।००
१७	पुरानो गाविसबाट राजस्व लिई निर्माण इजाजत पाएका भवन नियमित वापत	"	५।००
१८	नगरपालिका भईसकेपछि निर्माण स्विकृति लिएका घरको नियमित गर्नको लागि थप राजस्व	"	५।००
१९	पुरानो अस्थाइ साधारण टहरा सिफारिस (निर्माण सम्पन्न भई सकेका) आवास	"	३।००
२०	पुरानो अस्थाइ साधारण टहरा सिफारिस (निर्माण सम्पन्न भई सकेका) व्यापारिक	"	७।००
२१	स्वीकृती लिएका भन्दा बढी निर्माण भएको भवनको जरिवाना दस्तुर	"	२०।००
२२	प्रतिलिपी प्रमाण पत्र दस्तुर (डि.पी.सि. इजाजत, भवन निर्माण इजाजत, निर्माण सम्पन्न प्रमाणपत्र)		५००।००
२३	नक्सा नविकरण दस्तुर (नक्सा पास गर्दा लाग्ने राजस्वको		१०%
२४	भवन आंशिक निर्माण सम्पन्न प्रमाणपत्र वापतको दस्तुर	वटा	५००।००
२५	भवन निर्माण सम्पन्न प्रमाणपत्र वापतको दस्तुर	वटा	५००।००
२६	नक्सा पास उजुरी दस्तुर	वटा	५००।००
२७	नक्सा संशोधन दस्तुर	प्रति वर्ग फिट	३०।००
२८	गैर सरकारी संस्था, अस्पताल, विद्यालय ३००० वर्ग फिट भन्दा कम	प्रति वर्ग फिट	२०।००
दस्तुर(स्थानीय तहबाट हुने सिफारिस लगायतमा)			
सिफारिस तथा वक्सौनी दस्तुर			
१	**सामान्य सिफारिसहरु**		
क	नाम थर सम्सोधन सिफारिस	गोटा	१००।००
ख	नेपाली नागरिता प्रमाणपत्र (वंशज) सिफारिस	"	१००।००
ग	नेपाली नागरिकता प्रतिलिपी	"	२००।००
घ	नेपाली नागरिता प्रमाणपत्र (विवाहित अंगिकृत र अंगिकृत) सिफारिस	"	१,०००।००
ङ	संस्था दर्ता सिफारिस	"	५००।००
च	साधारण विविध सिफारिस	"	१५०।००
छ	उजरी दर्ता तथा प्रतिवादी दस्तुर	पटक	१००।००
ज	तीन पुस्ते फोटो टाँस सिफारिस	रोपनी	२००।००
झ	छुट दर्ताको सिफारिस	"	६००।००
ञ	अंसियार प्रमाण्ति सिफारिस	गोटा	३००।००
ट	पुर्जामा घर कायम सिफारिस	गोटा	३००।००
ठ	अपुतालि सिफारिस	"	६००।००
ड	मोही लगत कट्टा सिफारिस	रोपनी	२००।००

ढ	मोही नामसारी सिफारिस	"	२००।००
ण	मोही दर्ता सिफारिस	"	२००।००
त	असहाय र अपाँग, दैवि प्रकोप छात्रवृत्तिको सिफारिस	गोटा	नि:शुल्क
थ	प्रतिलिपी दस्तुर प्रति A4 साईजको पेपर	गोटा	१०।००
द	व्यवसाय बन्द गरेको सिफारिस	पटक	५००।००
ध	व्यवसाय संचालन नभएको सिफारिस	"	५००।००
न	चौपाय सम्बन्धि सिफारिस	"	२००।००
प	उद्योग ठाउँसारी सिफारिस	"	५००।००
फ	विद्यालय ठाउँसारी सिफारिस	"	५००।००
ब	कोठा खोल्ने कार्य/ रोहवरमा बस्ने कार्य	"	५००।००
भ	घर पाताल प्रमाणित	"	२००।००
म	जग्गा धनी पुर्जा हराएको सिफारिस	"	२००।००
य	लिखत प्रमाणित दस्तुर	"	२००।००
र	**बुद्धचित्त माला (निकासी सिफारिस)**		
अ	७ mm – ९ mm सम्म	प्रति माला	१,५००।००
आ	१० mm – १२ mm सम्म	"	१,०००।००
इ	१३ mm – १५ mm सम्म	"	५०।००
ई	१६ mm भन्दा माथी	"	२५।००
२	**जग्गा नामसारी सिफारिस**		
क	अरनिको राजमार्गले छोएको दुवै तर्फका जग्गा सडकवाट २०० सय मिटरसम्म भित्र	रोपनी	५००।००
ख	अन्य सवै जग्गा	रोपनी	२००।००
ग	जोत नामसारी सिफारिस	रोपनी	२००।००
घ	**घरजग्गा दर्ता**		
अ	अरनिको राजमार्गले छोएको दुवै तर्फका जग्गा सडकवाट २०० सय मिटरसम्म भित्र	रोपनी	५००।००
आ	अन्य सवै जग्गा	"	२००।००
ङ	विर्ता जग्गा नामासारी	"	५००।००
च	जोत छोडपत्र र नाम कट्टा	"	५००।००
छ	गुठी जग्गा राजगुठीमा र रैतान नम्वरीमा परिणत दर्ता, नामसारी	"	६००।००
ज	स्ववासी जग्गाको हक परिणत	"	२००।००
झ	स्ववासी जग्गाको हक परिणत घर भए प्रति घर थप	"	२००।००
३	**चार किल्ला प्रमाणित**		
क	राष्ट्रिय राजमार्ग (अरनिको राजमार्ग, सिन्धुली वर्दिवास राजमार्ग)		
	४ आना सम्म	पटक	२००।००
	४ आना देखी १ रोपनी सम्म	"	५००।००
	१ रोपनी देखी माथि प्रति रोपनी	"	१०००।००

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
महर धरेल
नगर प्रमुख

ख	**फिडर सडक**		
	४ आना सम्म	पटक	१५०।००
	४ आना देखी १ रोपनी सम्म	"	४००।००
	१ रोपनी देखी माथि प्रति रोपनी	"	४००।००
ग	**जिल्ला सडक**		
	४ आना सम्म	पटक	१००।००
	४ आना देखी १ रोपनी सम्म	"	३००।००
	१ रोपनी देखी माथि प्रति रोपनी	"	३००।००
घ	**नगर स्तरिय "क" वर्गको सडक**		
	४ आना सम्म	पटक	७५।००
	४ आना देखी १ रोपनी सम्म	"	२७५।००
	१ रोपनी देखी माथि प्रति रोपनी	"	२७५।००
ङ	**अन्य सबै सडकहरु**		
	४ आना सम्म	पटक	५०।००
	४ आना देखी १ रोपनी सम्म	"	२५०।००
	१ रोपनी देखी माथि प्रति रोपनी	"	२५०।००
च	अन्य सबै जग्गाहरु	"	
	४ आना सम्म	पटक	२५।००
	४ आना देखी १ रोपनी सम्म	"	१००।००
	१ रोपनी देखी माथि प्रति रोपनी	"	१००।००
छ	चार किल्ला प्रमाणित उद्योग र होटेल जुनसुकै वडाको	"	३,०००।००
४	**उद्योग दर्ता सिफारिस**		
क	रु दशलाख सम्म पूजी लगानी हुनेमा	पटक	५,०००।००
ख	त्यसपछि प्रति दशलाखमा थप	"	१०००।००
ग	डिलरसिप सिफारिस	"	५,०००।००
५	**धारा विजुली जडान सिफारिस दस्तुर**		
क	धारा विजुली जडान सिफारिस	"	२००
ख	धारा विजुली नामसारी सिफारिस	"	२००
६	**घर व्लक नम्वर दस्तुर**		
क	घर व्लक नंवर (नयाँ)	"	२००
ख	घर व्लक नं नामसारी	"	२००
७	**वार्षिक आम्दानी प्रमाणित दस्तुर (कुल मुल्यांकन रकमको आधारमा)**		
क	वैदेशिक रोजगार वा अध्ययनमा जाने नागरिक वा निजको परिवार	"	०.१५प्रतिशत
ख	कृषि प्रयोजनको लागि	"	०.१० प्रतिशत
ग	आवस तथा अन्य प्रयोजन		०.१५ प्रतिशत
घ	व्यापारिक प्रयोजनको लागि	"	०.३०

			प्रतिशत
८	**घर वाटो प्रमाणित दस्तुर (घरवाटो सिफारिस)**		
८.१	**वि. पि./अरनिको राजमार्गले छोएको जग्गा**		
क	दुई आनासम्मको लागि	पटक	३००।००
ख	चार आनासम्मको लागि	"	६००।००
ग	आठ आनासम्मको लागि	"	१,५००।००
घ	एक रोपनी सम्मको लागि	"	२,५००।००
ङ	एक रोपनी देखि तीन रोपनीसम्मको लागि	"	४,०००।००
च	तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि	"	६,०००।००
छ	पाँच रोपनी देखि दश रोपनीसम्मको लागि	"	८,०००।००
ज	दश रोपनी देखि माथि	"	१६,०००।००
८.२	**फिडर सडक**		
क	दुई आनासम्मको लागि	"	३००।००
ख	चार आनासम्मको लागि	"	५००।००
ग	आठ आनासम्मको लागि	"	१,०००।००
घ	एक रोपनी सम्मको लागि	"	२,०००।००
ङ	एक रोपनी देखि तीन रोपनीसम्मको लागि	"	३,०००।००
च	तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि	"	४,०००।००
छ	पाँच रोपनी देखि दश रोपनीसम्मको लागि	"	७,०००।००
ज	दश रोपनी देखि माथि	"	१२,०००।००
८.३	**जिल्ला सडक**		
क	दुई आनासम्मको लागि	"	२७५।००
ख	चार आनासम्मको लागि	"	४५०।००
ग	आठ आनासम्मको लागि	"	९००।००
घ	एक रोपनी सम्मको लागि	"	१,८००।००
ङ	एक रोपनी देखि तीन रोपनीसम्मको लागि	"	२,८००।००
च	तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि	"	३,५००।००
छ	पाँच रोपनी देखि दश रोपनीसम्मको लागि	"	६,०००।००
ज	दश रोपनी देखि माथि	"	११,०००।००
८.४	**नगर स्तरिय "क" वर्गको सडक**		
क	दुई आना सम्म	"	२००।००
ख	चार आनासम्मको लागि	"	४००।००
ग	आठ आनासम्मको लागि	"	८००।००
घ	एक रोपनी सम्मको लागि	"	१,५००।००
ङ	एक रोपनी देखि तीन रोपनीसम्मको लागि	"	२,५००।००
च	तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि	"	३,०००।००
छ	पाँच रोपनी देखि दश रोपनीसम्मको लागि	"	५,०००।००
ज	दश रोपनी देखि माथि	"	१०,०००।००
८.५	**नगर स्तरिय "ख" वर्गको सडक**		
क	दुई आना सम्म	"	१७५।००

ख	चार आनासम्मको लागि	"	३५०।००
ग	आठ आनासम्मको लागि	"	६००।००
घ	एक रोपनी सम्मको लागि	"	१,२००।००
ङ	एक रोपनी देखि तीन रोपनीसम्मको लागि	"	२,०००।००
च	तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि	"	२,५००।००
छ	पाँच रोपनी देखि दश रोपनीसम्मको लागि	"	४,०००।००
ज	दश रोपनी देखि माथि	"	८,०००।००
८.६	**नगर स्तरिय "ग" वर्गको सडक**		
क	दुई आना सम्म	"	१५०।००
ख	चार आनासम्मको लागि	"	३००।००
ग	आठ आनासम्मको लागि	"	५००।००
घ	एक रोपनी सम्मको लागि	"	१,०००।००
ङ	एक रोपनी देखि तीन रोपनीसम्मको लागि	"	१,५००।००
च	तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि	"	२,०००।००
छ	पाँच रोपनी देखि दश रोपनीसम्मको लागि	"	३,०००।००
ज	दश रोपनी देखि माथि	"	६,०००।००
८.७	**नगर स्तरिय "घ" वर्गको सडक**		
क	दुई आना सम्म	"	१००।००
ख	चार आनासम्मको लागि	"	२५०।००
ग	आठ आनासम्मको लागि	"	४००।००
घ	एक रोपनी सम्मको लागि	"	८००।००
ङ	एक रोपनी देखि तीन रोपनीसम्मको लागि	"	१,२००।००
च	तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि	"	१,५००।००
छ	पाँच रोपनी देखि दश रोपनीसम्मको लागि	"	२,०००।००
ज	दश रोपनी देखि माथि	"	५,०००।००
८.८	**गोरेटो र घोडेटो बाटो सँग जोडिएको**		
क	दुई आना सम्म	"	५०।००
ख	चार आनासम्मको लागि	"	१५०।००
ग	आठ आनासम्मको लागि	"	३००।००
घ	एक रोपनी सम्मको लागि	"	६००।००
ङ	एक रोपनी देखि तीन रोपनीसम्मको लागि	"	१,०००।००
च	तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि	"	१,२००।००
छ	पाँच रोपनी देखि दश रोपनीसम्मको लागि	"	१,५००।००
ज	दश रोपनी देखि माथि	"	३,०००।००
८.९	**कुनै पनि बाटो सँग नजोडिएको**		
क	दुई आना सम्म	"	२५।००
ख	चार आनासम्मको लागि	"	१००।००
ग	आठ आनासम्मको लागि	"	१५०।००
घ	एक रोपनी सम्मको लागि	"	४००।००
ङ	एक रोपनी देखि तीन रोपनीसम्मको लागि	"	८००।००

च	तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि	"	१,०००।००
छ	पाँच रोपनी देखि दश रोपनीसम्मको लागि	"	१,२००।००
ज	दश रोपनी देखि बिस रोपनी सम्म	"	२,०००।००
झ	बिस रोपनी भन्दा माथि		४,०००।००
९	**नेपालीमा नाता जन्म तथा अन्य प्रमाणित दस्तुर**		
क	नाता प्रमाणित	पटक	३००।००
ख	जन्म प्रमाणित/ मृत्यु प्रमाणित	"	२००।००
घ	विवाहित/अविवाहित प्रमाणित	"	५००।००
ङ	दुवै एकै भएको प्रमाणित	"	२००।००
च	सर्जमिन मुचुल्का		५००।००
	वैदेशिक प्रयोजनार्थ अङ्ग्रेजी सिफारिसहरु		
क	नाता प्रमाणित		१,०००।००
ख	जन्म प्रमाणित/ मृत्यु प्रमाणित		३००।००
घ	ठेगाना प्रमाणित		३००।००
ङ	विवाहित/अविवाहित प्रमाणित		५००।००
च	नावालिक परिचय पत्र		३००।००
छ	दुवै एकै भएको प्रमाणित		३००।००
ज	कर चुक्ता प्रमाणित		५००।००
१०	**सार्वजनिक सुविधा उपयोग सेवा शुल्क**		
१०.१	**सरसफाई तथा फोहरमैला व्यवस्थापन शुल्क**		
१०.१.१	**होटल व्यवसाय**		
क	"क" वर्गको लागि	मासिक	५००।००
ख	"ख" वर्गको लागि	"	४५०।००
ग	"ग" वर्गको लागि	"	४००।००
१०.१.२	साना होटेल रेष्टुराँ र गेष्टहाउस खाना सहित	"	३००।००
क	साना जलपानगृह, खाजाघर	"	१५०।००
ख	मदिरा सहित भएमा थप	"	१००।००
ग	तरकारी तथा फलफुल पसल	"	२००।००
घ	व्यक्तिगत घरबाट निस्कने	"	१५०।००
१०.१.३	**शिक्षण संस्था**		
क	विश्वविद्यालय	"	१,०००।००
ख	क्याम्पस	"	१,०००।००
ग	मावि सम्मको विद्यालय	"	५००।००
१०.१.४	**अन्य क्षेत्रहरु**		
क	सरकारी तथा गैरसरकारी कार्यालयहरु	"	३००।००
ख	अन्य घर तथा गोदामहरु	"	५००।००
ग	सान तथा मझौला उद्योग	"	५००।००
घ	ठुला उद्योग		१,०००।००
ङ	ईलेक्ट्रिकल पसल	"	३००।००
च	छापाखाना	"	५००।००

छ	सञ्चार सम्वन्धि व्यवसाय	"	३००।००
ज	व्यूटि पार्लर र सैलुन	"	२००।००
झ	फोटो स्टुडियो	"	२००।००
ञ	हार्डवेयर पसल	"	४००।००
ट	किचेन सामाग्री विक्रेता (भाँडाकुँडा)	"	३००।००
ठ	फर्निचर विक्रेता	"	४००।००
ड	काष्ठ उद्योग	"	५००।००
ढ	कुटनी, पिसनी र पेलानी मिल	"	४००।००
ण	रेडिमेड कपडा पसल	"	३००।००
त	स्टेशनरी पसल (मसलन्द)	"	२००।००
थ	जुत्ता चप्पल पसल	"	३००।००
द	जुत्ता सिलाउँने पसल	"	१५०।००
ध	छात्रवास	"	५००।००
न	किराना पसल	"	२००।००
प	माछा/मासु पसल	"	३००।००
फ	मोटरसाईकल/साईकल वर्कसप	"	५००।००
ब	टेलरिङ्ग	"	१५०।००
भ	सृङ्गार /चुरा पसल	"	१५०।००
म	अन्य व्यवसाय	"	१५०।००
११	**शौचालय प्रयोग शुल्क**		
क	दिशा	पटक	१०
ख	पिसाव	"	५
ग	स्नान	"	५०
१२	**अन्य सुविधा शुल्कहरु**		
१२.१	**सार्वजनिक सडक वत्ती सेवा शुल्क**	वार्षिक	
१२.२	**विपद् व्यवस्थापन सेवा शुल्क**	"	
१२.३.१	**नापी सेवा शुल्क (घर बनाउने प्रयोजनको लागी)**	"	
क	डिजिटल नापी प्रति कित्ता	"	२,०००।००
ख	नापी सेवा प्रति कित्ता (अमिन) २ रोपनी सम्मको कित्ता	"	१,०००।००
ग	नापी सेवा शुल्क प्रति कित्ता (अमिन) २ देखि ५ रोपनी सम्मको कित्ता	"	१,५००।००
घ	नापी सेवा शुल्क प्रति कित्ता (अमिन) ५ रोपनी देखि माथीको कित्ता	"	२,५००।००
१२.३.२	**नापी सेवा शुल्क (अन्य प्रयोजनको लागी)**	"	
क	डिजिटल नापी प्रति कित्ता	"	३,०००।००
ख	नापी सेवा प्रति कित्ता (अमिन) २ रोपनी सम्मको कित्ता	"	२,०००।००
ग	नापी सेवा शुल्क प्रति कित्ता (अमिन) २ देखि ५	"	२,५००।००

	रोपनी सम्मको कित्ता		
घ	नापी सेवा शुल्क प्रति कित्ता (अमिन) ५ रोपनी देखि माथीको कित्ता	"	४,०००।००
१२.४	**निजी क्षेत्रको टेलीफोन, केवल पोल शुल्क**		
क	सिमेन्टको पोल	"	१,२००।००
ख	काठको पोल	"	१,०००।००
ग	फलामको पोल	"	१,५००।००
१२.५	**मोवाईल टावर**	"	१५,०००।००
१२.६	**एफ एम / सञ्चार टावर**	"	१०,०००।००
१२.७	**टेलिभिजन टावर**	"	१२,०००।००
१२.८	**नगरको हल प्रयोग तथा व्यवस्थापन शुल्क**	**पटक**	२,०००।००
१३	**दण्ड जरिवाना**		
१३.१	**विलम्व शुल्क**		
क	व्यवसाय कर प्रत्येक वर्ष नवुझाएवापत जरिवाना	वार्षिक	२० प्रतिशत
ख	घरजग्गा कर प्रत्येक वर्ष नवुझाएवापत जरिवाना	"	२० प्रतिशत
ग	नगदि तथा सम्पत्तिकर रसिदको प्रतिलिपी	पटक	१००।००
१३.२	**सार्वजनिक स्थानमा निर्माण सामाग्री थुपारेवापत**		
क	लाग्ने शुल्क	दिन	५००।००
ख	अन्यथा भएमा जरिवाना	दिन	५००।००
१३.३	**निशेधित स्थानमा भारी सवारी साधन प्रवेश गरेवापत**		
क	पहिलो पटक	पटक	५००।००
ख	दोश्रो पटक	"	१,०००।००
ग	दुई भन्दा वढी पटकको प्रति पटक	"	१,०००।००
१४	**अन्य विक्री**		
१४.१	निवेदन फारम	गोटा	१५।००
१४.२	नाता प्रमाणित निवेदन फारम	"	५०।००
१४.३	नागरिता फारम	"	२०।००
१४.४	नक्सा दर्ता किताव	"	५००।००
१५	**अचल सम्पत्ति मुल्यांकन सेवा शुल्क**		
१५.१	रु १ लाख देखि १० लाखसम्म	एकमुष्ट	५००।००
१५.२	रु १० लाख १ देखि २० लाखसम्म	एकमुष्ट	२०००।००
१५.३	रु २० लाख १ देखि ३० लाखसम्म	एकमुष्ट	३,५००।००
१५.४	रु ३० लाख १ देखि ५० लाखसम्म	एकमुष्ट	५,०००।००
१५.५	रु ५० लाख १देखि १ करोडसम्म	एकमुष्ट	१०,०००।००
१५.६	रु १ करोड १ देखि ५ करोडसम्म	एकमुष्ट	१५,०००।००
१५.७	रु ५ करोड १ भन्दा माथि	एकमुष्ट	२५,०००।००

१६	'घ' वर्ग को निर्माण व्यवसायी		
१६.१	इजाजत पत्र		५,०००।००
१६.२	इजाजत पत्र नविकरण		३,०००।००
१६.३	इजाजत पत्र नविकरण थप (तीन महिना नाघेमा)		३,०००।००
१६.४	प्रतिलिपी		१,०००।००

अनुसूची १२

(ऐनको दफा १३ को उपदफा (३) संग सम्बन्धित)

प्रदेश सरकाले तोके बमोजिम हुने ।